

# ८ नयाँ करारमा आशा

<u>यस अध्यायका मूल पदहरू:</u> **१ कोरन्थी १५:१२-१९, यूहन्ना १४:१-३, यूहन्ना ६:२६-५१, १ थेस्सोलिनिकी ४:१३-१८ र १ कोरन्थी १५:५१-५५।**

<u>यस अध्यायको मूल सार पद:</u> **"गवाहीचाहिँ यही हो, कि परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभयो, र यो जीवन उहाँका पुत्रमा छ। जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ, जससँग परमेश्वरका पुत्र हुनुहुन्न, त्यससँग जीवन हुँदैन।" १ यूहन्ना ५:११-१२।**

नयाँ करारका लेखकहरूले तत्कालिन चलनचल्तीको प्रचलित भाषा ग्रीकमा नयाँ करारका पुस्तकहरू लेखिएका थिए। ती लेखकहरूमा लूका बाहेक सबै यहूदीहरू थिए। मानव स्वभावको बारेमा लेख्दा नयाँ करारका लेखकहरूले यहूदी धारणा अनुसार लेखेका थिए जुन ग्रीक वा मूर्तिपूजकहरूको धारणा भन्दा फरक थिए। यहूदी धारणामा मानव जीवन शारीरिक, मानसिक, आत्मिक वा सम्पूर्ण पक्षमा एक आपसमा सम्बन्ध छ भनेर सिकाउँथ्यो र अर्थात् त्यसलाई सम्पूर्णतावाद पनि भनिन्छ। तर ग्रीक सभ्यतामा ती पक्षहरू एक आपसमा जोडिएको छ भनेर विशेष गरेर सिकाइन्दथ्यो।

यसकारण, येशू र चेलाहरूको निम्ति इसाई आशा कुनै नयाँ आशा थिएन। बरू पूर्खा र अगमवक्ताहरूले मनमा सजाएर राखेको पुरानो आशालाई नै तिनीहरूले उघारेका थिए। उदाहरणमा, आफ्नो दिन अब्राहमले देखेका थिए र उनी आनन्द भएका थिए भनेर येशूले भन्नुभएको थियो (यूहन्ना ८:५६)। येशूको दोस्रो आगमनको बारेमा हनोकले भविष्यवाणी गरेका थिए भनेर यहूदाले लेखेका छन् (यहूदा १४,१५)। हिब्रूको पुस्तकमा विश्वासका बहादुरहरूको बारेमा उल्लेख गरेका छन्, जो स्वर्गीय इनामको निम्ति आशा गरेका थिए जुन

हामीले नपाउँञ्जेल तिनीहरूले पाउनेछैन (हिब्रू ११:३९,४०)। यदि धर्मीहरू मरेपछि सिधै प्रभुसँग स्वर्गमा छन् भने पावलको त्यो भनाइको कुनै अर्थ छैन।

जो मानिसहरू येशूमा छन् तिनीहरूमामात्र जीवन छ भनेर यूहन्नाले गरेको जिकिरले (१ यूहन्ना ५:११,१२) मानिस स्वभावैले अमर छ भन्ने कुरालाई यूहन्नाले सरासर असहमती जनाउँदछन्। येशू ख्रीष्टको मुक्ति दिने सम्बन्धमा हामी रहेनौं भने अनन्त जीवन हुँदैन भन्ने कुरा बाइबल अनुसार सत्य मान्नु पर्दछ। त्यसकारण, नयाँ करारको आशा येशू ख्रीष्ट केन्द्रित आशा हो। त्योमात्र आशा हो कि एकदिन हाम्रो यस बिनाशी शरीर अविनाशमा परिणत हुनेछ।

## १. यस संसारबाट अपार आशा

ई.पू. करिब ५०० वर्षमा पौराणिक ग्रीकमा हेरोडटस भन्ने इतिहासकार थिए। उनले एउटा जातिको बारेमा लेखेका थिए। जब कोही बच्चा जन्मिन्थ्यो भने त्यस जातिका मानिसहरू केही समय शोक मनाउँथ्यो, किनकि यदि त्यो बच्चा वयस्कसम्म बाँच्यो भने उसले धेरै दुःखकष्टको सामना गर्नुपर्दथ्यो। तिनीहरूको त्यो चलन अनौठो नै भएतापनि केही हदमा तर्कयुक्त मान्नु पर्दछ।

हजारौ वर्षपछि अमेरिकामा एउटा विज्ञापन छापेको थियो, "किन बाँच्ने, यदि हामी दस डलरमा गाडिन सकिन्छ भने?"

परमेश्वरलाई विश्वास गरेतापनि र अनन्त जीवनको आशा गरेतापनि हाम्रो जीवन कठिन हुनसक्छ। त्यसमा पनि यस छोटो दुःखमय जीवन बिताएर त्यसपछि केही छैन भन्ने निराशावादीहरूको जीवन झन कस्तो होला? धर्मको पक्ष नलिने धेरै लेखकहरूले मानव जीवनको अस्तित्व अर्थहीन भनेका छन्। हामी सबै एक दिन मर्नैपर्छमात्र होइन एक दिन हामी सबै मर्नुपर्छ भनेर महसुस पनि गरिरहेका हुन्छौं। कठिन, कष्टकर, दुःखै दुःखले भरिएको जीवन साँच्चैको बेकारको रहेछ भन्ने त्यस धारणाले महसुस गराउँछ। एक जना बुद्धिजीविले भनेका थिए, "मानव केही पनि होइन, केवल गन्हाउनमा परिणत हुने र कुहिएर जाने हाड र छालामात्र हुन्।" यो धारणा भयाभव त छ, तर त्यस तर्कयुक्त धारणासँग कसले वादविवाद गर्न सक्छ र?

तर ती सबै धारणाहरूको बिपरित येशूमा हाम्रो अनन्त जीवन छ भनेर बाइबलले हामीलाई सिकाउँदछ। यो नै हाम्रो जीवनको औचित्य होः यो अनन्त

जीवनको आशा येशूमा छ। उहाँको मृत्यु र पुनरुत्थानले त्यस आशाको पुष्टि गर्दछ। नभए, हामीमा के आशा छ र?

येशूको पुनरुत्थानसँग हाम्रै पुनरुत्थानको आशा कसरी जोडिएको छ भनेर पावलले व्यक्त गरेको भावना १ कोरन्थी १५:१२-१९ पढ्नुहोसः **"१२ मृतकहरूबाट ख्रीष्ट पुनरुत्थान हुनुभयो भनी प्रचार गरिन्छ भने कसरी तिमीहरूमध्ये कसै-कसैले मृतकको पुनरुत्थान हुँदैन भनी भन्न सक्छौ? १३ तर यदि मृतकहरूको पुनरुत्थान हुँदैन भनेता ख्रीष्ट पनि मृतकबाट पुनर्जीवित पारिनुभएको होइन। १४ यदि ख्रीष्ट मृतकबाट पुनर्जीवित पारिनुभएको होइन भनेता हाम्रो प्रचार व्यर्थ हुन्छ, र तिमीहरूको विश्‍वास पनि व्यर्थ हुन्छ। १५ त्यसभन्दा बढ़ी हामी परमेश्‍वरको बारे झूटा साक्षीहरू ठहरिन्छौं, किनकि उहाँले ख्रीष्टलाई मृतकबाट पुनर्जीवित पार्नुभयो भनी हामीले परमेश्‍वरको बारे गवाही दिएका छौं। तर साँच्चै मृतकहरूको पुनरुत्थान हुँदैन भने उहाँले ख्रीष्टलाई पुनर्जीवित पार्नुभएन। १६ किनकि यदि मृतकहरूको पुनरुत्थान नहुने भए ता ख्रीष्ट पनि मृतकबाट जीवित पारिनुभएन। १७ ख्रीष्ट पुनर्जीवित पारिनुभएन भने तिमीहरूको विश्‍वास व्यर्थ छ, र तिमीहरू अझसम्म आफ्ना पापमा नै छौ। १८ तब त ख्रीष्टमा सुतिगएकाहरू पनि नष्ट भएका छन्। १९ यदि यस जीवनको लागि मात्र ख्रीष्टमा हामीले आशा राखेका हौं भने हामी सबै मानिसहरूभन्दा बढ़ी दयनीय हुन्छौं।"**

पावलको भनाइ स्पष्ट छः हाम्रो पुनरुत्थान येशूको पुनरुत्थानसँग अलग नहुने गरेर गाँसिएको छ। यदि हाम्रो पुनरुत्थान हुँदैन भने येशूको पनि पुनरुत्थान नभएको ठहर्छ। यदि येशू पुनरुत्थान हुनुभएन भने हाम्रो जीवनको औचित्य के छ र? पावले भन्छन्, "तिम्रो विश्‍वास वेकारको छ। तिमीहरू अझै पापमै छौ!" अर्को बोलिमा भन्ने हो भने हामी मरेपछि हामी सदाको निम्ति मरिनै रहन्छौं। जसले गर्दा हाम्रो जीवन साँच्चिनै अर्थहिन वा वेकारको छ। अनि पावलले १ कोरन्थी १५:३२मा भन्दछन्, "यदि मरेकाहरू पुनरुत्थान हुँदैन वा हाम्रो जीवन यस संसारमामात्र सीमित छ भने खाऔं, पिऔं,मोज गरौं, भोलि मरिहाल्छौं नि!"

यदि हाम्रो यो भौतिक शरीर केवल नाशहुने तत्वहरूलेमात्र बनेका छन् र हाम्रो आयु ७० वर्षमात्र छ (यदि हामी धुम्रपान र मद्यपान वा अस्वस्थ खानाहरू खाएनौं भने त्यति बाँच्नु भाग्यमानी भनेपनि हुन्छ) हाम्रो जीवन ठिकै भएको मान्नुपर्छ। एलेन जी ह्वाइटले भन्नुभएको कथनलाई हामीले आत्मसात्

गर्नु जरुरी छः "हाम्रो निम्ति स्वर्ग नै सबै थोक हो। यदि हामीले स्वर्ग वा अनन्त जीवनलाई गुमायौं भने हामी सबै थोक गुमाउँछौं।"-सनस् एण्ड डटरस अभ गड, पृ. ३४९बाट रूपान्तरित।

**हामीमा भएको आशा, विश्वास र आस्था कतिको अमूल्य छ सो सोच्नुहोस्। परमेश्वरको अनुग्रहद्वारा तिनीहरूलाई सुरक्षित राख्न हामीले किन प्रयत्न गरिनै रहनपर्छ?**

## २. "म फेरि आउँदैछु"

**"१ तिमीहरूको हृदय व्याकुल नहोस्। तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर। २ मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन्। त्यसो नभए, के म तिमीहरूलाई भन्नेथिएँ र, कि तिमीहरूका निम्ति ठाउँ तयार पार्न म गइरहेछु? ३ अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ।" यूहन्ना १४:१-३। आफू आउने प्रतिज्ञा येशूले गर्नुभएको झन्दै २,००० वर्ष भयो। समयको लामो अवधि भएतापनि उहाँको त्यो प्रतिज्ञा अहिले पनि सममायीनै छ भनेर अरूहरूलाई कसरी बुझाउने? येशू कहिले आउनुहुने भन्दा पनि उहाँ आउनुहुनेमा महत्त्व छ भनेर हामीले ठान्नु पर्दछ।**

चार पल्ट प्रकाशको पुस्तकमा येशूले भन्नुभएको थियो, "म चाँडै आउँदैछु!" (प्रकाश ३:११, २२:७,१२,२०)। येशूको छिट्टै हुने आगमनको प्रतिक्षाको आशाले सुरुका चर्चका विश्वासीहरू र शताब्दीयौंदेखि इसाईहरूको जीवनमा आगो जस्तो बलिरहेका थिए। तर पुस्तौं पुस्तौं मानिसहरू मरे तर उहाँको प्रतिज्ञा अझै पूरा भएको छैन। त्यसकारण, धेरैले सोध्छन्: "येशू आउँदै हुनुहुन्छ" भनेर अब कति वर्षसम्म प्रचार गरिरहनुपर्छ? के त्यो प्रतिज्ञामा वास्तविकता छ र? (२ पत्रुस ३:४)।

येशूले ढिलो गर्नुभएकोमा धेरै इसाईहरूले गुनासो गरिरहेकाछन् र गरेका पनि थिए (मत्ती २५:५)। तर वास्तविकरूपमा भन्ने हो भने "ढिलो"को अर्थ कति लामो भनेर हामीले कसरी थाहा पाउने? येशू आउनुहुने ठिक समय कहिले हो त? के ५०, १५० वा ५०० वर्ष अघि हो र? तर हाम्रो सरोकार बाइबलको यो प्रतिज्ञामा छः "आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढिलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्,

तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ।" २ पत्रुस ३:९।

येशू स्वर्गमा जानुभएको शताब्दीयौं भएतापनि उहाँको दोस्रो आगमन अझै पनि समयसापेक्षित नै छ। किन त? यस संसारमा हामी जतिसुकै लामो आयु भएर बाँचेतापनि त्यो छोटो आयु नै हुन्छ (भजन ९०:१०), त्यसपछि चिहानमा अचेत अवस्थामा विश्राम गर्नेछौं (उपदेशक ९:५,१०), र अन्तमा अन्तिम पुनरुत्थान जसपछि हाम्रो भविष्यलाई हामी आफैले परिवर्तन गर्ने अवसर पाउँनेछैनौं (हिब्रू ९:२७)। मरेकाहरूको बारेमा भनौं भने, तिनीहरू सुतिरहेका र अचेत अवस्थामा भएको कारणले जब येशू आउनुहुन्छ तब तिनीहरू आँखाको निमेषमा बौरि उठ्नेछन्। तिनीहरू जति वर्ष सुतेतापनि ती वर्षहरू केवल एक क्षणमात्र तिनीहरूकोलागि हुनेछ। तपाईंको आफ्नै व्यक्तिगत अनुभव र युगौं युगदेखि सुतिरहेका परमेश्वरका जनहरूको निम्ति उहाँको आगमन एक क्षणभन्दा वढि हुँदैन। त्यही नै छिटो, होइन त?

प्रत्येक बितेको दिनले स्वर्गको बादलमा येशूको महिमित आमगनलाई एक दिन अगाडि ल्याउँदछ। उहाँ कहिले आउनुहुन्छ सो हामीलाई थाहै नभएतापनि उहाँ आउनुहुनेछ भन्ने कुरामा हामी निश्चित छौं। हामीलाई चाहिने कुरो त यही त हो नि!

**एक जना पास्टरले यो प्रवचन दिएकी येशू कहिले आउनुहुन्छ त्यसको बारेमा उनलाई वास्ता छैन। तर उनको मूख्य सरोकार भनेकै येशू आउनुहुनेमा छ। यो तर्क तपाईंको निम्ति कस्तो छ? येशू नआउनुभएकोमा तपाईं निराश वा हतोत्साह भएतापनि त्यस भनाइले तपाईंलाई कसरी हौसला दिन्दछ?**

## ३. "म उसलाई उठाउनेछु"

एउटा आश्चर्य काममा येशूले थोरै माछा र रोटीबाट पाँच हजारलाई ख्वाउनुभएको थियो (यूहन्ना ६:१-१४)। येशूले त्यत्रो खाद्यान्न आपूर्ति गरिदिनुभएकोमा उहाँप्रति आकर्षित भएर भिँडले उहाँलाई राजा बनाउन खोजेका थिए (यूहन्ना ६:१५)। येशू यस संसारको राज हुन आउनुभएको थिएन। मानिसहरूको चाहना पूरा गर्ने उहाँको इच्छा नभएकोले उहाँ डुङ्गा चढेर गालिलको पारिपट्टी आफ्ना चेलाहरूसँग जानुभयो। तर अर्को दिन भिँडले त्यहाँ पनि उहाँलाई पछ्याए। त्यसबेला उहाँले जीवनको रोटीको बारेमा उल्लेखनीय

प्रवचन दिनुभएको थियो। त्यस प्रवचनमा अनन्त जीवनको उपहारको बारेमा विशेष जोड दिनुभएको थियो (यूहन्ना ६:२२-५९)।

येशूले यूहन्ना ६:२६-५१मा अनन्त जीवनको उपहारसँग धर्मीहरूको अन्तिम पुनरुत्थानलाई गाँस्नुभएको थियो। हेर्नुहोस्, "२२ समुद्र पारि रहेको भीड़ले भोलिपल्ट त्यहाँ एउटा मात्र डुङ्गा देखे। तिनीहरूलाई थाहा थियो, कि येशू आफ्ना चेलाहरूसँग डुङ्गामा चढ्नुभएको थिएन, तर उहाँका चेलाहरू मात्र गएका थिए। २३ तब तिबेरियासबाट अरू डुङ्गाहरू त्यस ठाउँको नजिक आए, जहाँ प्रभुले धन्यवाद चढ़ाएपछि तिनीहरूले रोटी खाएका थिए। २४ येशू र उहाँका चेलाहरू त्यहाँ नहुनुभएको थाहा पाएर ती मानिसहरू येशूलाई खोज्दै डुङ्गाहरूमा चढ़ेर कफर्नहुममा गए। २५ तिनीहरूले उहाँलाई समुद्र पारि भेट्टाएर उहाँलाई सोधे, "रब्बी, तपाईं यहाँ कहिले आउनुभयो?" २६ येशूले तिनीहरूलाई जवाफ दिई भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, तिमीहरू चिन्हहरू देखेर होइन, तर अघाउञ्जेल रोटी खाएको कारणले मलाई खोज्दछौ। २७ नष्ट हुने भोजनको निम्ति परिश्रम नगर, तर अनन्त जीवनसम्म रहने भोजनको निम्ति परिश्रम गर, जो मानिसको पुत्रले तिमीहरूलाई दिनेछ। किनभने परमेश्वर पिताले उसमाथि आफ्नो छाप लगाउनुभएको छ।" २८ तिनीहरूले उहाँलाई भने, "परमेश्वरले चाहनुभएको काम गर्नलाई हामीले के गर्नुपर्छ?" २९ येशूले तिनीहरूलाई भन्नुभयो, "परमेश्वरको काम यही होः जसलाई उहाँले पठाउनुभयो उसमाथि विश्वास गर।" ३० यसकारण तिनीहरूले उहाँलाई भने, "तपाईं के चिन्ह देखाउनुहुन्छ, सो हामी हेरौं, र तपाईंलाई विश्वास गरौं? तपाईं के गर्नुहुन्छ? ३१ हाम्रा पिता-पुर्खाले उजाड़-स्थानमा मन्न खाए, जसरी लेखिएको छ, 'उहाँले तिनीहरूलाई खानलाई स्वर्गबाट रोटी दिनुभयो'।" ३२ येशूले तिनीहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूलाई स्वर्गबाट रोटी दिने मोशा होइनन्, तर स्वर्गबाट तिमीहरूलाई साँचो रोटी दिनुहुने मेरा पिता हुनुहुन्छ। ३३ किनभने परमेश्वरको रोटी त्यही हो, जो स्वर्गबाट ओर्लिआउँछ, र संसारलाई जीवन दिन्छ।" ३४ तिनीहरूले उहाँलाई भने, "प्रभु, यो रोटी हामीलाई सधैं दिनुहोस्।" ३५ येशूले तिनीहरूलाई भन्नुभयो "जीवनको रोटी म हुँ। मकहाँ आउने भोकाउनेछैन, र ममाथि विश्वास गर्ने कहिल्यै तिर्खाउनेछैन। ३६ तर मैले तिमीहरूलाई भनेकै छु, तिमीहरूले मलाई देखेका छौ, र पनि विश्वास गर्दैनौ। ३७ पिताले मलाई दिनुहुने सबै मकहाँ आउनेछन्, र मकहाँ आउनेलाई कुनै रीतिले म त्याग्नेछैनँ। ३८ आफ्नो इच्छा पूरा गर्न म स्वर्गबाट

ओर्लिआएको होइनँ, तर मलाई पठाउनुहुनेको इच्छा पूरा गर्नलाई आएको हुँ। ३९ र मलाई पठाउनुहुनेको इच्छा यो हो, कि उहाँले मलाई दिनुभएकाहरूमध्ये कसैलाई पनि म नगुमाऊँ, तर तिनीहरूलाई अन्त्यको दिनमा जीवित पारूँ। ४० किनभने मेरा पिताको इच्छा यो हो, कि पुत्रलाई हेर्ने र उसमाथि विश्वास गर्ने प्रत्येकले अनन्त जीवन प्राप्त गरोस्, र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु।" ४१ यहूदीहरू उहाँको विरुद्धमा गनगनाउन लागे, किनभने उहाँले भन्नुभयो, "स्वर्गबाट ओर्लिआएको रोटी म नै हुँ।" ४२ तिनीहरूले भने, "के यो योसेफको छोरो, येशू होइन? यसका बुबा र आमालाई हामी चिन्दैनौं र? अहिले यसले कसरी 'म स्वर्गबाट ओर्लिआएको हुँ' भनी भन्दछ?" ४३ येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "तिमीहरू आपसमा नगनगनाओ। ४४ मलाई पठाउनुहुने पिताले खिँच्नुभएन भने कोही मकहाँ आउन सक्दैन, र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु। ४५ 'अनि ती सबै जना परमेश्वरद्वारा सिकाइनेछन्' भनी अगमवक्ताहरूका पुस्तकमा लेखिएको छ। प्रत्येक जसले पिताबाट सुन्छ र सिक्छ त्यो मकहाँ आउँछ। ४६ पितालाई कुनै मानिसले देखेको छैन, केवल उसले मात्र देखेको छ जो परमेश्वरबाट आएको हो, उसैले पितालाई देखेको छ। ४७ साँच्चै म तिमीहरूलाई भन्दछु, जसले विश्वास गर्छ त्यससित अनन्त जीवन छ।wj* ४८ म जीवनको रोटी हुँ। ४९ तिमीहरूका पिता-पुर्खाहरूले उजाड-स्थानमा मन्न खाए तापनि तिनीहरू मरेर गए। ५० स्वर्गबाट ओर्लिआउने रोटी यही हो, जसले यो खान्छ त्यो मर्नेछैन। ५१ स्वर्गबाट ओर्लिआएको जिउँदो रोटी म नै हुँ। कसैले यो रोटी खायो भने त्यो सधैंभरि जिउनेछ। र जुन रोटी म संसारका जीवनको लागि दिनेछु, त्योचाहिँ मेरो देह हो।"

उपर्युक्त प्रवचनमा येशूले अनन्त जीवनको बारेमा तीन आधारभूत धारणाहरू राख्नुभएको थियो। प्रथम्, उहाँले आफूलाई "स्वर्गबाट आएको रोटी र संसारलाई अनन्त जीवन दिनुहुनेछ" (यूहन्ना ६:३३,५८) भनेर भिँडलाई चिनाउनुभएको थियो। " जीवनको रोटी मै हुँ (ग्रीक भाषामा *इगो इयमी egp eimi*) " भनेर प्रस्तुत गर्नुहुँदा उहाँले पुरानो करारको महान् "मैं हुँ" (प्रस्थान ३:१४)को प्रतिध्वनीत्व गर्नुहुन्छ। दोस्रोमा, अनन्त जीवन उहाँबाटमात्रै सुरक्षित हुन्छ भनेर उहाँले व्याख्या गर्नुभएको थियोः "जो मकहाँ आउँछ" र "जसले मलाई विश्वास गर्छ" "उसले यो आशिष पाउनेछ अर्थात् कहिल्यै नभोकाउने र नतिर्खाउने आशिष" (यूहन्ना ६:३५)। अन्तमा येशूले अमर जीवनको

उपहारलाई अन्तमा हुने पुनरुत्थानसँग गाँस्नुभएको थियो। उहाँले तीन पल्ट यो ठोकुवा गरेर भन्नुभएको थियो, "अन्तिम दिनमा म उसलाई उठाउनेछु (यूहन्ना ६:४०, ४४, ५४))।

येशूले अझ अर्को अचम्मको प्रतिज्ञा दिनु भयो, "म साँच्चिक्कै तिमीहरूलाई भन्दैछु, जसले मलाई विश्वास गर्छ उसमा अनन्त जीवन छ" (यूहन्ना ६:४७। त्यसको अर्थ अनन्त जीवनको उपहार कुनै भविष्यमा वा मरेपछि होइन अहिले नै प्रत्याभूति हुने हो। "उसलाई म उठाउँछु" (यूहन्ना ६:४०)को अर्थ मरेकोलाई जीवन दिने भन्ने देखाउँछ।

यो चित्रण स्पष्ट छ। येशूबिना अनन्त जीवन छैन। वर्तमान परिप्रेक्ष्यमा हामीले येशूलाई विश्वास गरेतापनि र अनन्त जीवनको वाचा हामीमा भएतापनि हामी यस संसारमा बिनासी शरीर लिएर आएकोले हामी मर्नेछौं। यो हाम्रो स्वभाविक प्रक्रिया हो। उहाँको दोस्रो आगमनमा उहाँले हामीलाई पुनर्जीवित पार्नुहुनेछ। अनि त्यसबेला उहाँले हामीलाई अमर जीवनको उपहार दिनुहुनेछ, जुन हाम्रो भइसकेको हुन्छ। यो उपहार निश्चय छ। मानिस स्वभावैले अमर भएको कारणले होइन, तर धर्मी येशूको कारण हामीकहाँ आउनुभएको कारणले। उहाँमाथिको विश्वास,आस्था, र निष्ठामा हाम्रो अनन्त जीवन सुरक्षित छ।

**यदि तपाईंले उहाँलाई विश्वास गर्नुभयो भने अहिले नै तपाईंसँग अनन्त जीवन छ भन्ने येशूका बोलिहरूको बारेमा ध्यान गर्नुहोस्। यस अचम्मको प्रतिज्ञाले तपाईं जुनसुकै दर्दनाक अवस्थामा हुनुभएतापनि त्यो अवस्था केवल अस्थायी र नाश हुनेछ भन्ने कुरामा तपाईं कसरी ढुक्क हुने?**

## ४. तुरहीको आवाजमा

येशूको दोस्रो आमगनसम्म जीवित रहने विश्वासीहरूलेमात्र अनन्त जीवन पाउनेछ भनेर थेस्सोलोनिकीका विश्वासीहरू विश्वस्त थिए। "तिनीहरूले तिनीहरूका मित्रहरूको जीवनलाई होशियारपूर्वक सुरक्षा दिएका थिए। येशू आउनुहुँदा तिनीहरू नमेरको होस् जसले गर्दा अनन्त जीवन तिनीहरूले नगुमाउन् भन्ने तिनीहरूको विश्वास थियो। तर एक एक गरेर तिनीहरूका प्रियजनहरू मरेका थिए। अत्यन्तै चिन्तित भएर थेस्सोलिनिकाका विश्वासीहरूले आफ्ना मरेका प्रियजनहरूको अनुहारहरू अन्तिम पटक हेरेका थिए। अनन्त जीवनमा तिनीहरूसँग भेट हुँदैन भन्ने कुरामा तिनीहरूले विश्वास गरेका

थिए।"-एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टल्स,* पृ. २५८बाट रूपान्तरित।

**तिनीहरूको गलत धारणालाई पावलले कसरी सच्याएका थिए? हेर्नुहोस्, "१३ तर भाइ हो, सुतिगएकाहरूका विषयमा तिमीहरू अजान बस भन्ने हामी इच्छा गर्दैनौं, र तिमीहरूले आशा नहुने मानिसहरूजस्ता शोक गर्नु नपरोस्। १४ किनकि हामी विश्वास गर्छौं, कि येशू मर्नुभयो र फेरि जिइउठ्नुभयो र त्यसरी नै परमेश्वरले उहाँमा सुतिगएकाहरूलाई येशूद्वारा ल्याउनुहुनेछ। १५ प्रभुको वचनद्वारा हामी तिमीहरूलाई घोषणा गर्छौं, कि हामी, जो जीवित छौं र प्रभुको पुनरागमनसम्म बाँचिरहन्छौं, सुतिगएकाहरूलाई कुनै किसिमले पनि उछिन्नेछैनौं। १६ किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन्। १७ तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं। १८ यसैकारण एउटाले अर्कालाई यी वचनहरूले सान्त्वना देओ।" १ थेस्सोलिनिकी ४:१३-१८।**

**"परमेश्वरले उहाँमा सुतिगएकाहरूलाई येशूद्वारा ल्याउनुहुनेछ"** भन्ने वाक्य गलतरूपमा वाख्या गर्ने इसाई इतिहासमा देखा परेको पाइन्छ। यस वाक्यमा धेरै अर्थहरू छन्। मानिस अमर छ भन्ने धारणालाई विश्वास गर्ने इसाईहरूले यो भन्दछन् कि जब येशू आउनुहुन्छ तब स्वर्गमा परमेश्वरसँग रहेका धर्मीहरू उहाँसँग उहाँले ल्याउनुहुनेछ। अनि तिनीहरूको आत्मा पृथ्वीमा रहेका आफ्ना शरीरहरूसँग पुनर्मिलन हुनेछ। तर यो शिक्षा पावलको शिक्षासँग तालमेल छैन।

गैर एडभेन्टिस्ट बाइबलका विद्वानले यस पदको अर्थ यसरी खुलाएका छन्, "थेस्सोलिनिकाका इसाईहरू आफ्ना चर्चका मरेकाहरूप्रति शोकित भएका थिए। तर तिनीहरूमा यो आशा हुन सक्थ्यो कि जब येशू फर्किनुहुन्छ तब परमेश्वरले ती मरेकाहरू विश्वासीहरूलाई पुनरुत्थान गर्नुहुनेछ र येशूको सामु प्रस्तुत गर्नुहुनेछ। यसरी तिनीहरू उहाँसँग हुनेछन्। यहाँ भन्न खोजेको अर्थ यो छ कि मरेका विश्वासीहरू येशूको आगमनमा कुनै बेफाइदाको अनुभव गर्ने छैनन् किनकि तिनीहरू येशूसँग हुनेछन् र जीवित विश्वासीहरूको बराबरीमा तिनीहरू हुनेछन् र येशूको आगमनको महिमामा तिनीहरू पनिसँगसँगै भाग लिनेछन्।"-जेफरी ए.डी. विइमा, *१-२ थेस्सोलोनियनस्, बेकर इक्सिजिकल*

*कमेन्टरी अन द न्यु टेस्टामेन्ट,* ग्रान्ड रापिड, मिशिगन, बेकर, २०१४, पृ. ३१९बाट रूपान्तरित।

यदि मरेका धर्मीहरू स्वर्गमा प्रभुसँग भएको भए अन्तिम पुनरुत्थान इसाईहरूको आशा हो भनेर पावलले उल्लेख गर्नु आवश्यक थिएन। धर्मीहरू स्वर्गमा छन् भनेर उनले उल्लेख गर्न सक्थ्यो। बरू जो "येशूमा सुतिरहेकाछन्" (१ थेस्सोलिनिकी ४:१४) तिनीहरू मृत्युबाट पुनरुत्थान हुनेछन् भनेर उनले बताउँछन्।

अन्तिम पुनरुत्थानमा हुने आशाले शोकमा परिरहेका थेस्सोलोनिकीका इसाईहरूलाई सान्त्वना ल्याइएको थियो। त्यही किसिमको आशा हामीमा पनि हुनसक्छ जब हाम्रा प्रियजनहरूलाई मृत्युले पक्रन्दा हामीलाई पीडादायी बनाउँछ।

## ५. अनन्त मुठभेड

**१ कोरन्थी १५:५१-५५मा पावलले के "रहस्य"को बारेमा चर्चा गर्छन्? हेर्नुहोस्, " ५१ हेर, म तिमीहरूलाई एउटा रहस्य भन्दछु, हामी सबै सुत्दैनौं, तर हामी सबैको परिवर्तन हुनेछ, ५२ एकै क्षणमा, आँखाको एक निमेषमा, तुरहीको आखिरी आवाजमा। किनभने, तुरही बज्नेछ, र मृतकहरू अविनाशी भएर जीवित हुनेछन्। अनि हाम्रोचाहिँ परिवर्तन हुनेछ। ५३ किनकि यस विनाशी स्वभावले अविनाशी, र यस मरणशील शरीरले अमरत्व धारण गर्नुपर्छ। ५४ जब विनाशीले अविनाशी र मरणशीलले अमरत्व धारण गर्छ, तब लेखिएको त्यो वचन पूरा हुनेछ, "मृत्यु विजयमा निलिएको छ।" ५५ "ए मृत्यु, तेरो विजय कहाँ? ए मृत्यु, तेरो खील कहाँ?" १ कोरन्थी १५:५१-५५।**

कतिपय इसाई प्रचारकहरूले त्यो "रहस्य" भनेको "सिक्रेट राप्टर वा गोप्यरूपमा गायब हुने" हो जब येशूको दोस्रो आगमनभन्दा सात वर्ष पहिले विश्वासीहरू गोप्यरूपमा स्वर्गमा जानेछन्। येशूमा आस्थावान इसाईहरू चुपचाप, कसैले थाहा नै नपाइकन खुरुक्क तानेर लैजान्छन् अरू सबै जना तिनीहरू कहाँ गए र तिनीहरूलाई के भयो भनेर अचम्ममानेर बस्दछन् रे। कारमा, बसमा, हवाइजहाज आदिमा यात्रा गर्दा गर्दै अचानक ड्राइभर वा पाइलट गायब भएर स्वर्गमा जान्छन् रे तर तिनीहरूको वस्त्रचाहीँ जहाँको त्यहीँ। एक जना इसाई लेखकले यसबारे १६वटा पुस्तकहरू लेखेका छन्। ती पुस्तक "लेफ्ट बिहाइन्ड" श्रृङखला अत्यन्तै लोकप्रिय छन् र ती

पुस्तकहरूको आधारमा चारवटा फिलिम बनाएका छन्। यसबाट लाखौं मानिसहरू गलत शिक्षामा झुमिएका छन्।

बाइबलले यस्ता गलत शिक्षालाई अनुमोदन कहीँ पनि गरिएको छैन। गोप्यरूपमा कोही स्वर्ग जाने भनेर कृतिम शिक्षा र दोस्रो आगमनको बीचमा तालमेल भएको बाइबलमा पाइन्दैन। पावलले "रहस्य" भन्नुको अर्थ जीवित धर्मीहरूकोरूप परिवर्तन भएर मरेकाहरू पुनरुत्थान हुने धर्मीहरूसँग येशूको आगमनमा मिल्ने चर्चा गरेका थिए।यो "माथि" लैजाने प्रक्रिया हो यसमा कुनै गोप्य छैन किनभने दोस्रो आगमनमा सबै जीवित मानव प्राणीहरूले येशूलाई देख्नेछन् (प्रकाश १:७) र तुरहीको आवाजमा दुवै पुनरुत्थान भएकाहरू र जीवित धर्मीहरूको रूप परिवर्तन भएर स्वर्ग जानेछन् (१ कोरन्थी १५:५१,५२)।

येशूको आगमनमा अत्यन्तै अचम्मको मुठभेड हुनेछन्। जीवित धर्मीहरू आँखाको निमेषमा परिवर्तन हुनेछन्। परमेश्वरको आवाजले तिनीहरू महिमित हुनेछन्। अब तिनीहरूले अमर जीवन पाउनेछन् र पुनरुत्थान भएका सन्तहरूसँगै प्रभुलाई आकाशमा भेट्नेछन्। त्यसबेला " आफ्ना स्वर्गदूतहरूलाई तुरहीको ठूलो आवाजको साथ पठाउनेछ, र तिनीहरूले आकाशको एक छेउदेखि अर्को छेउसम्म चारै दिशाबाट उसका चुनिएकाहरूलाई भेला गर्नेछन्।" मत्ती २४:३१।

"साना बालबालिकाहरूलाई स्वर्गदूतहरूले तिनीहरूका आमाहरूको पाखुरमा राखिदिनेछन्। मृत्युबाट बिछोड भएका मित्रहरूको पुनर्मिलन हुनेछन्। तिनीहरू अब कहिल्यै पनि अलग हुनेछैनन। हर्षका गीतहरू स्वर्गको सहरसम्म पुग्नेछन्।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ६४५बाट रूपान्तरित।

**यो अत्यन्तै अचम्मलाग्दो प्रतिज्ञा हो। यस्तो अनुभव कसैले पनि कहीँ पनि गरिएको छैन। यसलाई दिमागमा घुसाउन र बुझाउन धेरै गाऱ्हो छ। बिशाल जगत र यस पृथ्वीमा भएका जीवनको बुझ्नै नसक्ने जटिलतालाई सोच्नुहोस्। सृष्टि आफैले परमेश्वरको अचम्मको शक्तिको बारेमा गवाही दिन्छ। ती सबै येशूको दोस्रो आगमनमा जीवितहरू परिवर्तन हुने र मरेकाहरू पुनरुत्थान हुने कुरोले परमेश्वरको शक्तिको बारेमा कस्तो शिक्षा हामीलाई सिकाउँदछ?**

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइट, *द आक्टस अभ द आपोस्टल्सको* पृ.२५५-२६८को ३१९-३२१ "द थेस्सोलोनियन लेटर्स," र पृ."कल्ड टु रिच अ हाइयिर स्टान्डार्ड।"**

बिलायतको दार्शनिक स्टिफन केभले लेखेका छन्, "इसाईहरू एक दिन चिहानबाट शारीरिकरूपमै बौरी उठ्नेछन् भन्ने विश्वासको बारेमा रोमीहरूलाई राम्रैसँग थाहा थियो। त्यसकारण इसाईहरूको आशालाई बाधा दिन र गिल्ला गर्ने ती रोमीहरूले धेरै प्रयास गरेका थिए। सन १७७मा रोमको प्रान्त गौलमा इसाईहरूलाई सताएको बारेमा एउटा प्रतिवेदन लेखिएको थियो। त्यसमा इसाई शहीदहरूलाई पहिला सास्ती दिएर मारेको र तिनीहरूको लासलाई छ दिनसम्म बाहिर राखेर कुहाएको र पछि जलाएको अनि खरानीलाई र्‍होन नदीमा बगाएको विवरण थियो। रोमीहरूले भन्दथे, 'लौ हेरौं, तिनीहरू फेरि बौरि उठ्नेछन् कि?"-इम्मोरटालिटीः द क्वेस्ट टु लिभ फर एभर एन्ड हाउ इट ड्राइभस् सिभिलाइजेशनस्, न्यु रोर्कः क्राउन, २०१२, पृ. १०४,१०५बाट रूपान्तरित।

माथीको लेखमा इसाईहरूप्रति गरिएको दुर्व्यवहार नाटकिय ढङ्गले प्रस्तुत गरेतापनि बाइबलले प्रतिज्ञा गरेको पुनरुत्थानको बारेमा केही पनि जानकारी दिएको छैन। जुन शक्तिले येशूलाई मृत्युबाट बौरि उठाइयो त्यही शक्तिले हामी मरेपछि हाम्रो शरीरको अवस्था चाहे चिहानमा गाडिएर सडियोस्, चाहे जलाएर खरानी होस् वा कुनै दुर्घट्नाद्वारा आकाश वा पानीमा नष्ट होस् हामीलाई अबिनाशी शरीर लिएर पुनरुत्थान हुनेछौं। जुन शक्तिले सारा जगत सृष्टि गर्नुभयो र समाल्दछ त्यही शक्तिले जीवित भएका भक्तहरू र मरेका भक्तहरूलाई नयाँ शरीर दिएर परिवर्तन गर्नेछ भन्ने कुरामा हामी ढुक्क छौं।

'येशूमा मरेकाहरूलाई परमेश्वरले उहाँकहाँ ल्याउनु हुनेछ' (१ थेस्सोलिनिकी ४:१४), पावलले लेख्दछन्। यस कथनलाई धेरैले गलत व्याख्या गर्दछन्। तिनीहरूले भन्दछन् कि जब येशू स्वर्गबाट आउनुहुनेछ तब त्यसबेला सुतिरहेकाहरू उहाँसँगै स्वर्गबाट ल्याउनुहुनेछ। तर पावलले त्यस धारणासँग सहमत छैन। जसरी येशूलाई मृत्युबाट पुनरुत्थान गरिएको थियो, त्यसरी नै परमेश्वरले सुतेका सन्तहरूलाई बोलाउनुहुनेछ र उहाँसँगै स्वर्गमा लानुहुनेछ। यो पावलको भनाइ हो। यो कस्तो अमूल्यको सान्त्वना हो! यो कस्तो महिमित आशा हो! यो केवल थेस्सोलोनिकीका चर्चको निम्तिमात्र होइन

तर सम्पूर्ण इसाईहरू जहाँभएतापनि तिनीहरूको पनि आशा हो।"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टल्स, पृ. २५९बाट रूपान्तरित।

**चिन्तनमननः**


अ. कसैले यो व्यक्त गरेको थियो, "मृत्युले तपाईँलाई मेटिदिनेछ...त्यो पनि तपाईँको कुनै नाम निशानानै नराखिकन मेटिदिनेछ। यसले जीवनको लक्ष्य र सार्थकता नै नाश गरिदिन्छ।" यदि हाम्रो जीवनको कुनै लक्ष्य छैन, जिउनुको कुनै अर्थ नै छैन भने जन्मिनुको अर्थ के हो र?

आ. पावलले फिलिप्पी ३:१२-१६मा हामी प्रभुमा परिपक्व र सिद्ध हुँदै जानुपर्छ भन्ने भनाइसँग केवल येशूको दोस्रो आगमनमामात्र हामी पापरहित र भ्रष्ट नहुने जीवन पाउनेछौं (१ कोरन्थी १५:५०-५५)सँग कसरी तालमेल गर्ने?

इ. मानिस नमरिकनै गोप्यरूपमा स्वर्ग जानेछ भन्ने गलत इसाई शिक्षालाई विश्वास गर्नेलाई कसरी सम्झाउने?

ई. येशूलाई विश्वास गरेर मरेकाहरू सुतिरहेकाछन्, स्वर्गमा छैनन् भन्ने पावलको धारणा १ कोरन्थी १५:१२-१९ पढ्नुहोस्। यदि धर्मीहरू येशूसँग अहिले नै छन् भने उहाँको दोस्रो आगमनको औचित्य के छ र?

## कथा ८
## अब डराउनु पर्दैन
## जाक, पपुवा न्यु गिनी



जाकसँग भेट्नुहोस्। उनी पपुवा न्यु गिनीको बामनकेनम जातिको सदस्य हुन्।

उनले सम्झेदेखि नै उनी र उनका जातिले वेवास्ता गरिएको जिवाको क्षेत्रमा त्रासमा बिताइरहेका थिए। त्यो क्षेत्र आफैमा केही खराब त थिएन। यो क्षेत्र पपुवा न्यु गिनीको मध्य भागमा छ। यो रमणीय ठाउँ हो। मानिसहरू त्यहाँ घरबार गरेर बस्न मन पराउँछन्। यो अत्यन्तै उर्बरा उपत्यका हो र यसमा लामो नदी बग्छ। यसले गर्दा मानिसहरूको आवश्यकतालाई यसले पूरा गर्दछ। यहाँको माटो अत्यन्तै मलिलो छ र धेरै अन्नहरू फल्छन्, विशेष गरेर कफी र चिया थुप्रो फल्छ।

जब जाकको जातिको निम्ति जीवन धेरै कठिन थियो। जग्गाको अधिकारको अधिकार, हिँसा, झगडा, एक आपसमा भएको घृणा र आन्तरिक द्वन्द्वले धेरै आफन्त र साथीहरूको जीवन क्षतविक्षत भएको थियो। तिनीहरूमा भएको आपसी कलहले गर्दा तिनीहरूले पाउने सरकारी आधारभूत सेवाहरू पाएका थिएन। डाक्टर र नर्सहरूको सेवा तिनीहरूले पाएका थिएन। त्यस जातका बालबालिकाहरू स्कूलमा जाँदैनथे। त्यस क्षेत्रमा पुलिस पनि कडा थिएन। सडकहरूको राम्रो हेरबिचार गरिन्दैन्थ्यो र बाटो धेरै खराब थियो।

तर त्यस परिस्थितिमा रहन जाक र उनका जातिको बानी नै भइसकेको थियो। सरकार वा अरू कसैले वास्ता नगरेकोले तिनीहरू डरै डरले जिउनुपर्थ्यो।

तब सबै सदस्य सम्मिलित हुनुपर्ने समूह त्यस क्षेत्रमा पस्यो। यो समूह सेभेन्थ-डे एडभेन्टिस्ट विश्व चर्चको कार्यक्रम हो। यसमा चर्चका प्रत्येक विश्वासीले कसै न कसैलाई येशूतिर अगुवाइ गर्ने काममा संलघ्न हुन्छ।

चर्चका सदस्यहरू त्यस क्षेत्रमा आए र जाक र उनका मानिसहरूको निम्ति बाइबल अध्ययन सुरु गरे। बाइबल अध्ययनले सार्वजनिक सुसमाचार कार्यक्रमहरूको आयोजना गरियो। जब जाक र उनका मानिसहरूले बाइबल पढे तब एक आपसमा भएको मनमुताव पन्छिन थाले। आफ्ना हृदयहरूलाई

मानिसहरूले येशूलाई सुम्पे। एक फेरा द्वन्द्वको चपेटामा परेको जातिलाई एकत्रित गर्न एडभेन्टिस्टहरूले विशेष शान्ति कार्यक्रमको आयोजना गरे। त्यसको नतिजाले जाक अचम्भित भएको थियो। एक हप्ता सुसमाचार कार्यक्रम सफलतापूर्वक आयोजना गरेकोले स्थानीय सेभेन्थ-डे एडभन्टिस्ट चर्चलाई म धन्यवाद दिन्छु। साबथहरूमा हुने बप्तिस्मा कार्यक्रम र रङ्गीचङ्गी शान्ति कार्यक्रमले धेरै मानिसहरूका हृदयहरू छोएको छ। आमाहरू र दिदीबहिनीहरू एक आपसमा अङ्गालो मारेर आनन्दको आँशुहरू झारेका थिए। दाजुभाइ, श्रीमानहरू र छोराहरूसँग सबै परिवार मिलेर आनन्द मनाए। शान्तिको कार्यक्रम मेरा मानिसहरूको इतिहासमा स्वर्ण अक्षरले लेखिनेछ," जाकले खुसी भएर सुनाए।

प्रेरित पावलले आह्वान गरेको अनुसार जाकले आफ्ना मानिसहरूलाई एक आपसी मनमुताव पन्छाएर आशातिर मन लगाऔं भनेर आह्वान गरे। उनले भने, "यो  कथालाई म मेरा मानिसहरूलाई अनुरोध गर्दै टुङ्ग्याउन चाहन्छुः हामीमा आएको परिवर्तनलाई सबैले अङ्गालौं। हाम्रो जातिमा शान्ति र सामान्य जीवनको पुनर्स्थापना गरौं। पावल जस्तै पापीहरूमा म सबभन्दा खराब पापी हुँ। परमेश्वरले मलाई परिवर्तन गर्दै हुनुहुन्छ। अब म परमेश्वरले निर्धारित बाटोमा म हिंड्न तयार भएको छु।"

जाकले पावलसँगै मिलेर यो घोषणा गर्दछन्, "मलाई सामर्थ्य दिनुहुने ख्रीष्ट येशू हाम्रा प्रभुलाई म धन्यवाद दिन्छु, किनभने आफ्नो सेवामा नियुक्त गरेर उहाँले मलाई विश्वासयोग्य ठान्नुभयो। अगाडि मैले निन्दा गरें, खेदो गरें र उहाँको अपमान गरें, तर मैले यी अजान र अविश्वासमा गरेको हुनाले मैले कृपा पाएँ। ख्रीष्ट येशूमा भएको विश्वास र प्रेमको साथ मेरो निम्ति हाम्रा प्रभुको अनुग्रह प्रशस्त मात्रामा उर्लिआयो। यो वचन हरप्रकारले ग्रहणयोग्य छ, कि पापीहरूलाई उद्धार गर्न येशू ख्रीष्ट संसारमा आउनुभयो, र पापीहरूमा म सबैभन्दा मुख्य हुँ। तर यसकारण मैले कृपा पाएँ, कि पापीहरूमा सबैभन्दा मुख्य भएर पनि मद्वारा येशू ख्रीष्टले आफ्नो असीम धैर्य प्रकट गर्न सकून्, ताकि उहाँमाथि विश्वास गरेर अनन्त जीवन पाउनेहरूका लागि म एउटा उदाहरण बन्न सकूँ। युग-युगका राजा, अविनाशी र अदृश्य एकमात्र परमेश्वरलाई आदर र महिमा सदासर्वदा होस्। आमेन।" १ तिमोथी १:१२-१७।

-आन्द्र्यु मेकचेस्नी